# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, मार्ग १७ गते २०२३ साल [ अतिरिक्ताङ्क ३४


### श्री ५ को सरकार
### वन–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको जङ्गली पैदावार विक्री वितरण (तेस्रो संशोधन) नियमावली, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### जङ्गली पैदावार विक्री वितरण (तेस्रो संशोधन) नियमावली, २०२३

वन ऐन, २०१८ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमावली बनाएको छः–

१) संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम जङ्गली पैदावार विक्री वितरण (तेस्रो संशोधन) नियमावली, २०२३ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२) परिभाषाः– मूल नियमावलीको नियम २ को उप–नियम (१) को खण्ड (घ) र मूल नियमावलीको नियम २ को उप–नियम (१) को (ङ) को दोस्रो संशोधनको नियम २ को उप–नियम (१) को खण्ड (ङ) को सट्टा निम्नलिखित (घ) र (ङ) राखिएको छः–

(घ) स्थानीय हाकिम भन्नाले "स्थानीय अञ्चलाधीश, सहायक अञ्चलाधीश वा अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) दाउरा "भन्नाले ५ पाँच फीटभन्दा कम लम्बाइ भएको र ३ तीन फीटभन्दा कम गोलाइ भएको अथवा सोभन्दा बढी लम्बाइ वा गोलाइ भएको भएपनि बाङ्गो, टेडो, धोद्रो, सडेको अथवा मक्किएको काठ सम्झनु पर्छ खैर र शिशौको हकमा पांच ५ फीटभन्दा कम लम्बाइ भएको र १ एक फूटभन्दा कम गोलाइ भएको अथवा सोभन्दा बढी लम्बाइ वा गोलाइ भएको भए पनि धोद्रो सडेको अथवा मक्किएको काठलाई दाउरा मानिने छ। तर सत्तिसाल, दार, ओखर, चांपको हकमा धोद्रो, सडेको वा मक्किएको बाहेक अन्य दाउरा मानिने छैन।

३) मूल नियमावलीको नियम १३ मा संशोधनः– मूल नियमावलीमा "मोल" भन्ने शब्दको सट्टामा "दस्तूर" भन्ने शब्द राखिएको छ।

४) अनुसूची ३ र ५ को सट्टा निम्नबमोजिमको अनुसूची रहेको छ :–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४८

## अनुसूची–३

### नियम ८ संग सम्बन्धित

| काठको जात | काठको बीच भागको अथवा २ छेउको सरदर गोलाइ ३' भन्दा कम भएमा प्रति क्यू फीटको मोल रू. मा | काठको बीच भागको अथबा २ छेउको सरदर गोलाई ३' र ३' देखि माथि ४'भन्दाकम भएमा प्रति क्यू. फीटको मोल रू. मा | काठको बीच भागको अथबा २ छेउको सरदर गोलाई ४' र सोभन्दा बढी भएमा प्रति क्यू फीटको मोल रू. मा |
|---|---|---|---|
| चांप, शिशौ – | २।– | ३।५० | ५।– |
| साल – – – | – | ३।५० | ४।५० |
| असना – – | – | ३।– | ३।५० |
| खैर – – – | ३।– | ४।– | ४।– |
| सत्तिसाल दार ओखर | १०।– | १५।– | १५।– |
| गम्हारी सन्दन देवदार सौर विजयसाल – – | – | ३।५० | ३।५० |
| सिमल, भुडकुल गुटेल र सल्लो (सबै जातको), फर – – | – | २।५० | २।५० |
| स्प्रुस चिलाउने कर्मा (हल्दु), कटुस, उत्तीस जामुन – – | – | २।– | २।– |
| माथि उल्लेख नभएका जातहरू – – | – | १।– | १।– |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोटः–

१) निजी घरकाजको प्रयोगको निमित्त ३०० क्यू फीटसम्म काठ आधा मोलमा नगर–पञ्चायत क्षेत्र बाहेक अन्य ठाउँमा दिइने छ ।

२) सार्वजनिक कामको निमित्त ५०० क्यू फीटसम्म काठ आधा मोलमा नगर-पञ्चायत क्षेत्र बाहेक अन्य ठाउमा दिइने छ । सर्वसाधारण जनताले प्रयोग गर्न जनताको खर्चले बन्ने स्कूल, पाटी, पौवा, धर्मशाला बनाउने काम र त्यस्तै अरू कामलाई सार्वजनिक काम सम्झनु पर्छ ।

३) माथि नं. १ र २ मा उल्लेख गरिएको भन्दा बढी परिमाणमा घरकाज, सार्वजनिक वा व्यवसायका निमित्त लिनु परेमा पूरा मोल ली दिन सकिने छ ।

४) काठ नाप्ने तरीका चीफ कन्जरभेटरले तोकिदिएबमोजिम हुने छ ।

५) काठ नाप्दा धोद्रो, कुहेको र मक्किएको भागलाई छुटाइ दिनुपर्छ ।

६) काठको गोलाइ, नाप्दा बोक्रा बाहेक गरी नाप्नु पर्छ ।

७) जङ्गल नोक्सानी भै ठुट्टासम्म भएको तर काठ फेला नपरी बिगो कायम गर्नुपर्ने भएमा ३' मुनिकोलाई १० क्यू फीट र ३' र ३' माथि ४' मुनिकोलाई २० क्यू फीट र ४' र ४' माथि ५' मुनिकोलाई ३० क्यू फीट र ५' र ५' माथिकोलाई ४० क्यू फीट कायम गरी उपर्युक्त मोल लगाइने छ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

# संशोधित अनुसूची ५

## नियम ११ संग सम्बन्धित

| | फेदमा १ फूटसम्म गोलाइ भएको जतिसुकै लम्बाइको प्रति काठको मोल रू. मा | फेदमा १ फूटदेखि माथि २ फीटसम्म गोलाइ भएको जतिसुकै लम्बाइको प्रति काठको मोल रू. मा | फेदमा २ फीटदेखि माथि ३ फीटसम्म गोलाइ भएको २५' फीटसम्म लम्बाइ भएको प्रति काठको मोल रू. मा | फेदमा २ फीटदेखि माथि ३' फीटसम्म गोलाइ भएको २५ फीटभन्दा बढी लम्बाइ भएको प्रति काठको मोल रू. मा |
|---|---|---|---|---|
| साल, चांप र शिशौ | ३।– | ५।– | १२।– | २०।– |
| गमारी, सन्दन, देबदार, अस्ना र सौर विजयसाल | २।– | ३।– | ६।– | १४।– |
| सल्लो ( सबै जातको ) फर चिलाउने कर्मा, कटुस, उत्तिस स्प्रुस, जामुन र सिमल | १।– | २।– | ५।– | ८।– |
| खैर बाहेक माथि उल्लेख नभएका जातहरू | ।५० | १।– | ३।– | ६।– |

मुद्रण विभाग, सिंहदरबार

५) मूल नियमावली संशोधन नियम ५ को अनुसूची ४ को उप–नियम (४) मा "एउटा मानिसले बोक्न सक्ने वनकस भारी १ के रू. १।– एक" को सट्टा "घरकाजको निमित्त एउटा मानिसले बोक्न सक्ने भारी १ के रू. ।५० पचास पैसा" राखिएको छ ।

६) मूल नियमावली संशोधन नियम ५ को अनुसूची ४ को उप–नियम (६) मा "बाँस निगालो वा मालिङ्गो विना मोलमा दिइने छ" को सट्टा "बिक्री गर्दा घरायसी वा व्यवसायिक जुनसुकैलाई पनि निगालो प्रति भारीको रू. १।– एक र ट्रक १ एक के रू. १००।– एकसय रुपैञा" राखिएको छ ।

आज्ञाले–
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको का.मु. सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

222